# 'उज्यालाका थेग्लाहरूभित्र' एकाङ्कीको विधा तात्विक अध्ययन

**रामप्रसाद गुरागाँई**

सहप्राध्यापक (नेपाली), महेन्द्ररत्न बहुमुखी क्याम्पस, इलाम

Email: ram.p.guragain@gmail.com

DOI: https://doi.org/10.3126/bdkan.v7i1.47809

**सार**

उज्यालोका थेग्लाहरूभित्र (२०६१) एकाङ्कीको अध्ययनका क्रममा समाजमा घट्नसक्ने विकृति र विसङ्गतिको टड्कारो चित्रण यस एकाङ्कीले गरेको छ । सुन, चरेस, गाँजा जस्ता मादक पदार्थ अन्य राष्ट्रमा व्यापार गरेर कालो धन कमाउने सपना बोकेका नेपालीहरूलाई सचेत गराउने कार्य भँडारीले यसै एकाङ्कीबाट गरेका छन् । उनले समाजमा मादक पदार्थ सेवन गर्ने, व्यक्तिलाई सजायका भागीदार बनाउने र त्यस्ता कार्यबाट अलग रहने सुझाव गरेका छन् । त्यसैले उनलाई समाजमा रहेका विद्यमान विकृति र विसङ्गतिलाई प्रस्तुत गर्ने नाटककार भनिन्छ । यिनै नाटकहरू र एकाङ्कीको माध्यमबाट माधव भँडारी नेपाली साहित्यको इतिहासमा प्रसिद्ध भएको पाइन्छ । यस लेखमा यस एकाङ्कीको तत्वगत आधारमा अध्ययन गरिएको छ । कथावस्तुको परिचय चरित्रका विविध पक्षको परिचय, वातावरण, सम्बाद, उद्देश्य, भाषाशैली द्वन्द्व मञ्चनीयता जस्ता तत्वहरूको संक्षिप्त रूपमा वर्णन गरिएको छ । यस एकाङ्कीको अध्ययनबाट समाजमा रहेका विद्यमान विकृति र विसङ्गतिलाई औँल्याई समाजलाई सचेत गराउने काम भएको छ भन्ने निष्कर्ष निकालिएको छ । यस एकाङ्कीमा ८ पुरुष र २ महिला पात्र छन् । सबै पात्रहरू निम्न मध्यम वर्गका छन् । बोलचालको उत्कृष्ट गद्य भाषाको प्रयोग गरिएको छ । यस एकाङ्कीको वातावरणका सम्बन्धमा एउटा शहरदेखी परको राजमार्गको उल्लेख गरिएको छ । जुन राजमार्गको दुवै तर्फ रुख रहेका छन् । विधा तात्विक अध्ययन गर्नु नै यस लेखको उद्धेश्य रहेको छ । समग्र अध्ययनबाट समाजमा रहेका विकृति र विसङ्गतिलाई समाप्त गरी तत्कालीन समाजका युवायुवतीलाई सचेत गराउने सन्देश दिएको छ ।

*शब्दकुन्जिका:* उज्यालो, थेग्लाहरू, विसङ्गति, कालोधन्दा, रुख, चरेस र भट्टी ।

## परिचय

नेपालको पूर्वी जिल्ला इलामको सुम्बेकमा जन्मिएर भारतको वनारसमा शिक्षाग्रहण गरी साहित्यचार्यसम्मको शिक्षा हासिल गरेका माधव भँडारीले नेपाली साहित्यमा उच्चतम मूल्य बोकेका नाटकहरू र एकाङ्की लेखेका छन् । नेपाली साहित्यमा माधव भँडारी नाटककार, कथाकार, निबन्धकार, कवि, उपन्यासकार र समालोचकका रूपमा परिचित छन् । उनले नेपाली साहित्यलाई संख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गरेको पाइन्छ । माधव भँडारीद्वारा रचित 'क्यालेन्डरका घुम्तीहरू' कथासङ्ग्रहमा चौथो रचनाका रूपमा यो एक मात्र एकाङ्की उल्लेख गरिएको पाइन्छ । यो एकाङ्की उक्त कथासङ्ग्रहको अन्त्यतिर पृष्ठ ७१-८० पृष्ठमा छापिएको पाइन्छ । इलामको प्रगति प्रकाशन, बरबोटे-४ बाट प्रकाशित यस कथासङ्ग्रहमा १३ कथा सहित यो एक एकाङ्की प्रकाशित भएको पाइन्छ । यस एकाङ्कीले वर्तमान विसङ्गतिलाई सबल रूपमा प्रस्तुत गरेको छ । नवीन पद्धति अँगालेर लेखिएको यो एकाङ्की पठनीय पनि छ र मञ्चनीय पनि छ । यसमा भाव, विचार र घटनाहरू नाटकीकरण अत्यन्त कुशलताका साथ गरिएको पाइन्छ । यस क्यालेन्डरका घुम्तीहरू कथासङ्ग्रहमा प्रकाशकको नाम मोहनराज शर्माको क्यालेन्डरका घुम्तीहरू घुमेपछि शीर्षकको भनाइ, लेखकका केही शब्द र विषयसूची आदि रहेका छन् । यसभित्र उल्लेखित उज्यालोका थेग्लाहरूभित्र (२०६१) एकाङ्कीमा जम्मा ९ जना पात्रहरूको समायोजन रहेको पाइन्छ ।

### समस्याको कथन

नेपाली साहित्यमा माधव भँडारी नाटककार, कथाकार, निबन्धकार, कवि, उपन्यासकार र समालोचकका रूपमा परिचित छन । उनले नेपाली साहित्यलाई संख्यात्मक मात्र होइन गुणात्मक दृष्टिले पनि उत्कर्षता प्रदान गरेको पाइन्छ । यति भएर पनि उज्यालाका थेगलाहरूभित्र एकाङ्कीको विधा तात्विक आधारमा अध्ययन र विश्लेषण

नभएको हुँदा यस लेखले सोही कृतिको तत्वगत आधारमा अध्ययन गर्नु समस्या रहेको छ। सोही समस्याको समाधान यस लेखमा प्रस्तुत गरिएको छ।

**शोधविधि**

प्रस्तुत लेखलाई व्यवस्थित एवम् तथ्यपरक तुल्याउनका लागि आवश्यक पर्ने सामग्रीहरूको सङ्कलन गरी विषयवस्तुको विश्लेषण गर्नका निम्ति विशेष सैद्धान्तिक ऐतिहाकिस, तुलनात्मक, र ब्याख्यात्मक विधि अवलम्बन गरिएको छ। यसका निम्ति अवलम्बन गरिएको सामग्री सङ्कलन विधि र विश्लेषणको ढाँचालाई तल प्रस्तुत गरिएको छ।

**सामग्री सङ्कलन**

उज्यालोका थेग्लाहरूभित्र एकाङ्कीको सामग्री सङ्ककलनका सन्दर्भमा प्राथमिक र द्वितीय गरी दुई प्रकारका सामग्री स्रोतहरू रहेका छन्। प्रस्तुत लेख तयार गर्नका लागि सामान्य प्राथमिक स्रोतका रूपमा माधव भँडारीका कृतिहरू र द्वितीय स्रोतका रुपमा पुस्तकालयका साथै विभिन्न व्यक्तिहरूले उनका बारेमा लेखेका र भनेका कुराहरू रहेका छन्। अतः यो लेख तयार गर्दा आवश्यकताअनुसार दुवै स्रोतको प्रयोग गरिएको छ। यी दुवैथरी सामग्रीहरूको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ।

**पूर्वकार्यको समीक्षा**

नेपालको पूर्वी जिल्ला इलामको सुम्बेकमा जन्मिएर भारतको वनारसमा शिक्षाग्रहण गरी साहित्यचार्यसम्मको शिक्षा हासिल गरेका भँडारीले नेपाली साहित्यमा उच्चतम मूल्य बोकेका नाटकहरू लेखेका छन्। उनका नाटकहरूका बारेमा एकमुष्ट रूपमा विस्तृत विश्लेषण र मल्याङ्कन भएको पाइँदैन। उनका नाटकका बारेमा जे-जति अध्ययन र विश्लेषण भएको छ त्यो केवल परिचयात्मक रूपमा मात्र भएको देखिन्छ। यसै क्रममा भँडारीका नाटकका बारेमा भएका चिनारी, भूमिका र कृति विश्लेषणका पूर्वकार्यहरूको समीक्षा क्रमशः प्रस्तुत गरिएको छ।

(क) श्याम भुर्तेलले युगज्ञान (वर्ष २, अङ्क ७, २०३२) मा 'समका जस्ता आदर्श र पलायनवादी नारीपात्र नसिर्जेर भँडारीले रिमालले जस्तै नारी विद्रोह बाल्न खोजेका छन् भनेर उनलाई गोपालप्रसाद रिमालसँग तुलना गरेको पाइन्छ।'

(ख) दयाराम श्रेष्ठ र मोहनराज शर्माले नेपाली साहित्यको सङक्षिप्त इतिहास (छैटौं संस्क २०४०), मा भावनात्मक नाटक लेख्न सिद्धहस्त व्यक्तिकारूपमा माधव भँडारीको नाम पनि उल्लेख गरिएको पाइन्छ।

(ग) लोकनाथ सुवेदीले माधव भँडारीको जीवनी व्यक्तित्व र कृतित्व (२०५२), शीर्षक स्नातकोत्तर (अप्रकाशित) शोधपत्रमा माधव भँडारीका नाटकका आधारमा उनको नाट्यकारिताको सामान्य चर्चा गरेका छन्।

(घ) नेपाली साहित्यिक त्रैमासिक पत्रिका जुही (वर्ष २१, अङ्क २, पूर्णाङ्क ४७, २०५८) को भूमिकामा 'माधव भँडारीलाई झरी नेपाली आन्दोलनका जीवित एकलव्य' का रूपमा उल्लेख गरेको पाइन्छ।

(ङ) प्रा.डा व्रतराज आचार्यले आधुनिक नेपाली नाटक (२०६६) मा माधव भँडारीलाई सामाजिक यथार्थवादी नाटककारका रूपमा उल्लेख गरेको पाइन्छ।

(च) टंक विकल्पले 'घरजमभित्र खोज्दा भेटिएका माधव भँडारी' भन्ने शीर्षकमा 'साहित्यकार माधव भँडारी सामाजिक यथार्थवादी, मनोवैज्ञानिक, नारीवादी, आधुनिक र प्रगतिशील नाटककार हुन्।' भनेका छन्।

अहिलेसम्मको पूर्वकार्यको समीक्षा हेर्दा घरजम नाटक र नाटककारको बारेमा अध्ययन भए पनि एकाङ्कीको बारेमा समग्र अध्ययन नभएको देखिन्छ।

**सीमाङ्कन**

साहित्यकार माधव भण्डारीका एकाङ्कीका बारेमा विभिन्न व्यक्तिले सामान्य रुपमा अध्ययन गरे तापनि समग्र रुपमा यस एकाङ्कीको अध्ययन नगरेकाले यस लेखमा उज्यालोका थेगलाहरूभित्र एकाङ्कीको अध्ययन, विश्लेषणमा केन्द्रित भई लेख तयार गरिएको छ ।

## छलफल तथा विश्लेषण

**कथावस्तु**

एउटा ठूलो शहरदेखि अलि परको राजमार्गका दुवैतर्फ झ्याम्म परेका रुखहरू छन । रातको ८-९ बजे भएकाले अँध्यारो फैलिएको छ । निश्चित अन्तरमा लहरै बलेका बिजुलीका चिमहरूले बाटामा उज्यालोका थेग्ला-थेग्ला पारेका छन् । वर्ष तिसेकको एक महिना जति काटेका दाह्री, जिग्रिङ्ग, कपाल, फाट्न लागेको शर्ट र कतै टालेको अनि कतै जीनको प्यान्ट आदि लगाएको एउटा व्यक्तिको प्रवेश हुन्छ । ऊ आकाशमा ताराहरू हेर्दै ताराको समूहभन्दा एक्लो तारा नै खुशी भएको बताउँछ । उक्त व्यक्ति पनि एक्ल बस हिड्ने, एक्लै बाच्ने र खुशी हुने कुरा गर्छ । त्यसपछि ऊ त्यस दिनको रातभरिको घर रुखहरूका पातहरूबटुलेर बनाउँछ र खुशी भएर बस्छ । यतिकैमा मोटर नजिकै आएर रोकिएको आवाज आउँछ । एउटा निक्कै ठूलो भुँडी भएको, तालु केही खुइलिएको, तिलचामले कपाल र युवकको प्रवेश हुन्छ । युवकको नाम शङ्कर हुन्छ । भुँडे मान्छे राती पार्टीमा खाजा खाएर शङ्करसँग गफ गर्छ । शङ्कर ४/५ पेक खादा केही पनि नहुने बताउँछ । भुँडे मान्छे धन्दामा व्यस्त छन् । उनीहरू सुन, चरेस जस्ता सामान अमेरिका जस्ता देश पठाउने गर्दछन । त्यसमा सक्रिय रूपमा शङ्कर भुँडे मान्छेको निर्देशन अनुसार चल्ने काय गर्दा सामान राम्ररी पठाउने काम गरेकाले शङ्करलाई दस लाखसँगै दुई हजार यू.एस डलर दिन्छ रुखमुनि बसेको व्यक्तिले खुट्टो तन्काउँदा खस्र्याक्क आवाज आउँदा शङ्खरले देखेर उसको परिचय माग्छ । भुँडे मान्छे व्यक्ति हत्या गर्ने संकेतका साथ आफु कसैको दाजु भाई नभई एक्लो र रातभरका लागि त्यही स्थान उसको घर बताउँछ । त्यसपछि मोटरको आवाज आउँदा कोही आयो भनेर बौलाहा रहेछ भन्दै आफ्नो बाटो लाग्छन् । व्यक्ति अर्को मोटरको आवाज सुनेपछि आफू एक्लै बस्न आएको तर मान्छेको घुइँचोसँगै ज्यान जाने कुरा गर्छ ।

यसरी नै आधुनिक भेषभूषाले सज्जित देवेन्द्र र युवतीको प्रवेश हुन्छ । देवेन्द्र उक्त युवतीसँग प्रेमको वाहना गर्छ र उसलाई फकाउँछ । युवतीलाई भाग्ने स्थितिसम्म पुग्ने बनाउँछ र उनीहरू भोलिपल्ट पाँचबजे काँकरभिट्टाबाट पथलैया हुँदै वीरगञ्जतिर लाग्ने सल्लाह गर्छन् । तर खर्चको बन्दोबस्त भने सुनीतालाई गर्न देवेन्द्र आज्ञा गर्छ । देवेन्द्र उसका बुवाले खर्च नदिने भएकाले सुनीता धनीकी छोरी भएकाले व्यवस्था मिलाउन सक्ने कुरा बताउँछ । सुनीता पनि आफ्नो ड्याडी बाहिर एक महिनाका लागि गएकाले पैसाको व्यवस्था मिलाउन गाह्रो हुने भन्छे । ऊ आफ्नो गलामा भएको सिक्री फुकाएर देवेन्द्रलाई दिँदै भाग्ने प्रबन्ध मिलाउन सल्लाह दिन्छे । यहाँ पनि देवेन्द्र प्रेमको नाममा नेपाली युवतीहरूलाई भारततिर लगेर बेच्ने धन्दामा संम्लग्न देखिन्छ । ऊ प्रेमको वाहना सुनीतासँग गर्छ । सुनीता बुवा आमा र अरुले देख्लान् भन्ने डरका साथ छिट्टै जाने कुरा देवेन्द्रसँग गर्छे । यतिकैमा व्यक्ति बसेको ठाउँमा खस्र्याक गर्छ र को हो ? बङ्गारा खुस्काई दिन्छु भन्दै देवेन्द्र सोध्छ । व्यक्ति कोही नभई एक्लो व्यक्ति र रातभरको घर त्यहीँ भएको कुरा देवेन्द्रलाई बताउँछ । त्यसपछि देवेन्द्र बौलाहा रहेछ भनेर हाँस्दै त्यहाँबाट सुनीता सहित बाटो लाग्छ ।

रुखमुनि बसेको व्यक्ति बौलाहा भनेको आफन्त र घर नभएको हुने करा गर्न घरवारविहीन एक्लो भएकाले बौलाहा भएको स्पष्ट पार्छ । अझै रातभरिको घरमा के के आइलाग्ने हो भन्दै टुक्रुक्क परेर बस्छ । यतिकैमा दुईजना रक्सिले मातेका मान्छे लर्खराउँदै प्रवेश गर्छन् । दुवै पहिलो र दोस्रो मान्छे पिउन र मासु खानमा मस्त हुन्छन् । साहुनीले पसलमा अझ धेरै रक्सी माग्दा नदिएकोमा पहिलो मान्छे रिसाएको हुन्छ । ऊ साहुनीलाई गोली मार्ने कुरा दोस्रो मान्छेसँग गर्छ । उनीहरू दुवै जना पुरुष व्यक्तिको छेउमा बसेर रक्सी खान व्यक्तिसँग जिद्धी गर्छन् । व्यक्ति रक्सी नखाने इशारा गर्छ । पहिलो मान्छे अघि रक्सी नदिने साहुनीको लोग्ने हो भनेर कुट्न छोप्छ । व्यक्ति आफू पसले नभएको बताउँछ । व्यक्ति आफु ढिलो भएको र मान्छेका लाइनमा पनि पछाडि परेको भन्छ । पहिलो मान्छे

अरुलाई धकेलेर मात्र अगाडि बढ्न सक्ने कुरा बताउँछ । यसपछि ऊ अझै रात धेरै बाँकी रहेको र कसरी बित्छ भन्ने चिन्तामा छ ।

यसरी उ एकछिन रुखमा ढाड अड्याएर उँघ्दै बिउँझिदै चकमन्न बस्छ । एकछिनमा पहँलो सुन्निए जस्तो अनुहार भएकी झाक्रो फिजाएकी अस्तव्यस्त पहिरन भएकी युवतीको प्रवेश हुन्छ । उसले दुवै पाखुरामा उत्तानो पारेर एउटा नवजात बालक बोकेकी हुन्छे । यता उति हेर्दै डराएझैं गरेर रुदै रुखको छेउमा झारपात भएको ठाउँमा बालकलाई फ्यात्त फ्याँक्छे । त्यसपछि ऊ फर्केर सरासर जान्छ । व्यक्ति युवतीले फ्याकेको झारमा बालकलाई पल्टाएर हेर्दा मरिसकेको हुन्छ । व्यक्ति आफूजस्तो लाइनमा नबसी र कसैलाई नधकेली अगाडि बढदै र आफू जस्तो दुःख नपाएको कुरा गर्छ । बालकलाई जस्तै आफूलाई पनि फ्याँकिएको बताउँछ । रातभरि दुबैसँगै बस्ने कुरा गर्दै बालकलाई ठाउँ-ठाउँमा छोइरहन्छ ।

यसपछि दुई जना प्रहरी जस्ता मान्छेको प्रवेश हुन्छ । उनीहरूले बालकलाई छामेर यसले बच्चा मारेछ भन्छन् । व्यक्ति आफूले नमारेको कुरा बताउँदा समात्दै यस बच्चाकी आमालाई मनपरी गरेर कहाँ बेचिस भन्दै हप्काउँदै कुट्छन् । त्यस व्यक्तिलाई ती पुलिसहरूले गाँजा, चरेस, मूर्ति र सुन व्यापार गर्ने काम पनि गर्दो रहेछ भनेर आरोप लगाउँछन् । त्यसपछि बालकलाई बोक्न लगाएर अर्जापे पछि सत्य बोल्छस् भन्दै घोर्क्याउँदै लान्छन् । यसै प्रसङ्गमा यो एकाङ्कीको कथावस्तु समाप्त हुन्छ ।

यस एकाङ्कीको कथावस्तु सुरुदेखि अन्त्यसम्म सबै विसङ्गति नै विसङ्गति देखिन्छ । यद्यपि माधव भँडारीले भाषा भने सरल सहज भाषाको नै प्रयोग गरेको देखिन्छ । यो एकाङ्की सामान्य पाठकले एक बसाइँमा सहज रूपमा पढ्न सकिने खालको छ ।

### चरित्रचित्रण

प्रस्तुत एकाङ्की **'उज्यालोका थेग्लाहरूभित्र'** (२०६१) मा माधव भँडारीले आफ्ना नाटकहरूमा जस्तै कमै पात्रको प्रयोग गरेका छन् । यस एकाङ्कीमा जम्मा पात्रहरूमा ८ जना पुरुष पात्र र २ जना मात्र महिला पात्रको उपस्थिति देखिन्छ । यस एकाङ्कीमा सुरुदेखि अन्त्यसम्म भूमिका निर्वाह गर्ने काम एक जना व्यक्तिले गरेकाले उ प्रमुख पात्र हो । शङ्कर, भुँडेमान्छे, देवेन्द्र, सुनीता, मातेका दुईजना मान्छे र सिपाहीजस्ता देखिने दुई व्यक्ति सहायक पात्र रहेका छन् । यस एकाङ्कीमा कम क्रियाकलाप भएको तर प्रमुख घटना घटाउने पात्रका रूपमा एउटी महिला रहेकी छन् । प्रायः सबै पात्रहरू निम्न मध्यम वर्गीय नै रहेका छन् । यस एकाङ्कीका पात्रहरूको चर्चा निम्न अनुसार गर्न सकिन्छ ।

#### प्रमुख पात्र

***व्यक्ति*** (एकाङ्कीमा नाम नरहेको समाजको तटस्थ परुष पात्रको प्रतिनिधि पात्र हो ।)

यस एकाङ्कीको व्यक्ति वर्ष तिसेकको प्रमुख पुरुष पात्र हो । उसको एक महिना जति नकाटेका दाह्री, जिँग्रिङ्ग कपाल, फाट्न लागेको शर्ट र कतै टालेको अनि कतै प्वाल परेको जीन प्यान्ट लगाएको हुन्छ । ऊ आफ्नो घर परिवार कोही नभएको एक्लो निम्न वर्गीय पात्र हो ।

उसको रातभरिको घर त्यही जँगलको एउटा झ्याम्म परेको रुखको फेद हुन्छ । ऊ त्यहा बसेर रातभरिको दृश्य अवलोकन गर्ने दर्शक हो । उसलाई प्रत्येक व्यक्तिले आएर दुःख दिदा पनि प्रतिकार गर्न सक्दैन । उसले कसैलाई असर नपुऱ्याएकोले अनुकूल पात्र हो । यस पात्रले एकाङ्कीमा शुरुदेखि अन्त्यसम्म नै दर्शकको भूमिका निर्वाह गरेको देखिन्छ । ऊ ताराहरूको अवलोकन गरेर धेरै ताराहरूको समूहभन्दा एक्लो तारा नै खुशी भएको बताउँछ । तारा जस्तै आफू पनि एक्लै बाँच्ने निर्णय गर्छ । ऊ बर्षौंदेखि शान्तिको खोजीमा हिडेको हुन्छ । त्यही स्थान उसका लागि शान्त छ । ऊ एकाङ्कीको अन्त्यतिर पुलिसको फन्दामा परेको छ । ऊ यो एकाङ्कीको सुरुदेखि अन्त्यसम्म एकै स्थानमा रहेकाले स्थिर चरित्र हो । ऊ यस एकाङ्कीको व्यक्ति प्रमुख, स्थिर, अनुकूल र निम्न वर्गीय पुरुष पात्र हो ।

**सहायक पात्रहरू**

***भुँडे मान्छे र शङ्कर***

यस एकाङ्कीको भुँडे मान्छे सहायक पुरुष पात्र हो । ऊ निकै ठूलो भुंडी भएको तालु खुइलिएको र तिलचामले कपाल भएको व्यक्ति हो । ऊ रक्सी टन्न पिउने, खाने गर्दछ, तत्कालीन समाजको सत्ताशीन व्यक्तिहरूको प्रतिनिधित्व पात्र जस्तो छ । ऊ शङ्कर जस्ता युवकलाई कालो धन्दामा संलग्न गराउने पात्र हो । ऊ आफू चरेस, सुन जस्ता सामानहरू अन्य राष्ट्रमा व्यापार गर्दछ । यो व्यक्ति विकृति र विसङ्गतिमा संलग्न रहेको पाइन्छ । उ शङ्करलाई उसको काम गरे वापत दस लाख सहित दुई हजार यू.एस् डलर दिन्छ । शङ्कर र ऊ गफ गरिरहेको समयमा व्यक्तिलाई देखेकाले मारूँला झैं गरेर काट्न छोप्छ । त्यसैले ऊ यस एकाङ्कीको प्रतिकूल, निम्न मध्यम वर्गीय, गतिशील र सहायक पुरुष पात्र हो ।

शङ्कर यस एकाङ्कीको भुँडे मान्छेको सहयोगी पात्र हो । ऊ युवक पुरुष पात्र हो । ऊ भुँडे मान्छेको निर्देशन अनुसार चल्ने गर्दछ । ऊ पनि कालो धन्दामा संलग्न सुन, चरेस जस्ता सामान विदेशतिर पठाउने कार्य गर्दछ । यसैबाट पैसा कमाएर आफ्नो जीवनयापन गर्दछ । ऊ यस एकाङ्कीको सहायक, निम्न मध्यम वर्गीय, पुरुष पात्र हो ।

***देवेन्द्र र सुनीता***

देवेन्द्र यस एकाङ्कीको सहायक, युवक पुरुष पात्र हो । ऊ प्रेमको वाहना गर्ने सुनिताको प्रेमी हो । ऊ सुनीता जस्ता यवतीहरूलाई प्रेमको फन्दामा पारेर भारतको कोठरीमा लगेर बेच्ने कार्यमा संलग्न छ । ऊ सुनीतालाई फकाएर भारतमा लगेर बेच्ने सोचमा छ । ऊ सुनीतालाई घुम्न जाने वा भाग्ने खर्च पनि व्यवस्था गर्न बाध्य गराउँछ । यो पात्र नेपाली चेलीबेटीलाइ भारतमा बेचेर पैसाको बिटो कमाउने धन्दामा संलग्न छ । त्यसैले ऊ यस एकाङ्कीको खल सहायक, प्रतिकूल, निम्न मध्यम वर्गीय, पुरुष पात्र हो ।

सुनीता यस एकाङ्कीकी सहायक युवती पात्र हो । ऊ देवेन्द्रकी प्रेमीका हो । ऊ धनाढ्य परिवारकी छोरी हो । उसलाई देवेन्द्रले प्रेमको वाहना गरेको थाहा हुँदैन । ऊ देवेन्द्रलाई स्वच्छ प्रेम गर्छे । ऊ आफ्नो ममि र ड्याडीदेखि डराउने र लजालु स्वभावकी हुन्छे । ऊ देवेन्द्रजस्ता कुप्रवृत्ति भएका पुरुषसँग संलग्न छे । ऊ प्रेमको नाममा आफ्ना बुबा, आमा सब परिवार पनि त्याग्न पछि पर्दिन । ऊ देवेन्द्रको मायामा चुर्लुम्म डुबेर आफ्नो गलाको सिक्री समेत खोल्न विवश छ । त्यसैले सुनीता यस एकाङ्कीकी अनुकूल, गतिशील, निम्न मध्यम वर्गीय, सहायक महिला पात्र हो ।

त्यसैगरी यस एकाङ्कीमा संलग्न अन्य सहायक पात्रहरूमा पहिलो मान्छे र दोस्रो मान्छेका रूपमा दुवै जना मातेका मान्छेहरू रहेका छन् । दुवै मान्छे अधवैंसे पुरुष पात्र हन । दवैका र प्यान्टमा काला, पहेँला टाटा देखिन्छन् । दुवै टन्न रक्सी र मासु खाने कार्यमा संलग्न छन् । होटलमा उनीहरूले माग्दा नदिएमा मार्न पनि पछि नपर्ने व्यक्तिहरू हुन् । उनीहरू व्यक्ति बसेको रुखको फेदमा बसेर रक्सी खान्छन् र व्यक्तिलाई पनि खान अनुरोध गर्छन । प्रायः यी मान्छे पसलतिर घुम्ने रक्सी खाने पिउने कार्यमा नै संलग्न छन् । त्यसैले यी प्रतिकूल, खल, सहायक, पुरुष पात्र हुन् ।

त्यसैगरी यस एकाङ्कीमा अन्य सहायक पात्रमा पहिलो मान्छे र दोस्रो मान्छेका रूपमा प्रहरी देखा परेका छन् । व्यक्तिलाई बच्चा मारेछ भनेर पक्रेर लाने कार्य गर्दछन् । उनीहरू नराम्रा कार्यमा संलग्नलाई ठीक लगाउने सरकारका कार्यमा संलग्न व्यक्ति हुन् । प्रहरीहरू एकाङ्कीको अन्त्यमा देखा पर्छन् । त्यसैगरी एक बालकलाई आफैले जन्माएर जंगलमा फ्याँक्ने महिला पात्र रहेकी छ ।

यस एकाङ्कीका पात्रहरू प्रायः विकृति र विसङ्गगतिमा संम्लग्न रहेका छन् । यस एकाङ्कीका पात्रहरू कालो धन्दामा व्यस्त र खाने पिउने कार्यमा संलग्न रहेका छन् । यस एकाङ्कीका पात्रहरू एकपछि अर्को गर्दै पालो पालो देखा परेको पाइन्छ । यी प्रत्येक पात्रले नेपालमा रहेका विकृति र विसङ्गीतमा संलग्न पात्रहरूको प्रतिनिधित्व गरेका छन । व्यक्ति भने त्यस्ता विकति र विसङ्गतिबाट अलग र शान्त वातावरणमा बस्न चाहने पात्र हो । ऊ सधैं शान्तिको खोजीमा हिड्दा जँगलमा पुगेको छ । उसले त्यो जङ्गल शान्त वातावरण भएको ठाउँ भनेर बसे पनि रातभर सुख

पाएको छैन । त्यसैले यस एकाङ्कीमा महिला, पुरुष, प्रमुख खल सहायक, गतिशील, स्थिर सबै खाले पात्रहरूको समायोजन रहेको पाइन्छ ।

**वातावरण**

एकाङ्कीमा प्रस्तुत हुने स्थान, समय र परिवेशलाई देशकाल परिस्थिति भनिन्छ । यस एकाङ्कीको स्थानका सम्बन्धमा एउटा ठूलो शहरदेखि अलि परको राजमार्गको उल्लेख गरिएको पाइन्छ । जुन राजमार्गको दुवैतर्फ रुखहरू रहेका छन् । त्यही रुखको फेद नै यो एकाङ्कीको प्रमुख स्थान रहेको छ । सबै एकाङ्कीको कथावस्तु त्यही स्थानमा केन्द्रित रहेको देखिन्छ । यस एकाङ्कीमा काँकरभिट्टा, पथलैया, वीरगञ्ज र इन्डियाजस्ता ठाउँको पनि चर्चा गरिएको पाइन्छ । मात्ने मान्छेहरूले खान र पिउन भेला हुने स्थानका रूपमा भट्टी पसल पनि रहेको उल्लेख गरेको पाइन्छ ।

समयको कुरा गर्दा यो एकाङ्की रातको ८-९ बजेबाट सुरु भएको देखिन्छ । एक रातमा भएको कुरालाई समेटेर तयार पारेको पाइन्छ । जतातत्तै विकृति र विसङ्गतिले गर्दा शान्त वातावरणको खोजीमा व्यक्ति जँगल पुगेको हुन्छ । सबै घटनाहरू एकै रातमा क्रमशः एकपछि अर्को गर्दै घटेको पाइन्छ ।

यस एकाङ्कीको विषयवस्तु सबै विकृति र विसङ्गतिमा आधारित छ । वातावरण अशान्तिपूर्ण छ । शान्त वातावरणको खोजीमा व्यक्ति जँगलमा पुगेको छ । सबै रक्सी खाने र पिउने गर्छन् । देवेन्द्र प्रेमको वाहना सुनीतासँग गरेर भारततिर उसलाई भगाउँछ । कोही महिला आफना नवजात शिशु पनि नभनी जङ्गलमा फ्याँक्ने कार्य गर्दछन् । भँडारीले यस एकाङ्कीमा हाम्रै गाउँघरतिर घट्ने र घट्न सक्ने घटनाहरूलाई छर्लङ्ग पार्ने कार्य गरेका छन् । यस् एकाङ्कीको वातावरण पनि विकृति र विसङ्गतिपूर्ण रहेको छ ।

**सम्बाद**

प्रस्तुत एकाङ्की 'उज्यालोका थेग्लाहरूभित्र' नाटककार माधव भँडारीले सरल, सहज, मार्मिक र आकर्षक प्रभावात्मक किसिमको सम्बादको प्रयोग गरेको देखिन्छ । प्रस्तुत एकाङ्कीमा छोटा तथा लामा दुबे प्रकारका सम्बाद प्रयोग भएका छन । सम्बादले एकाङ्कीलाई सजीव तुल्याई कौतुहलका अवस्था श्रृजना भएको पाइन्छ । पात्र अनुकलको स्वाभाविक भाषाको प्रयोग भएका पाइन्छ । भुँडे मान्छे, शङ्कर र व्यक्तिका बीचमा, देवेन्द्र र सनीताका बीचमा त्यसैगरी अन्य मातेका मान्छेका बीचमा सम्बाद रहेको पाइन्छ । यस एकाङ्कीमा प्रायः सबै गद्यात्मक सवार पाइन्छ । देवेन्द्र र सुनीताका बीचमा अंग्रेजी भाषाका शब्दसहितको सम्बाद रहेको पाइन्छ । जुन कुरा तलको सम्बादबाट प्रष्ट हुन्छ ।

*युवती (सुनीता):- त्यो कसरी - ड्याडी, मम्मी ..... ।*

*देवेन्द्र :- फेरि उही ड्याडी-मम्मी, ड्याम देम अल । हामी भोलि नै यहाँबाट भागौं ।*

त्यसैगरी यस एकाङ्कीमा शङ्कर र भुँडेमान्छेका बीचमा रक्सी खाए र पिएको कुरा र सुन, चरेस विदेशमा व्यापार गरेको कुराकानी रहेको पाइन्छ । जुन कुरा निम्न सम्बादबाट प्रष्ट हुन्छ ।

*शङ्कर :- चार-पाँच पेग स्कचले त मलाई छुदा पनि छुदैन । हो, कहिलेकाहीं जानी-जानी बढी*

*माते जस्तो गर्नुपर्छ - विभिन्न अभिनय गर्नसक्नु नै प्रत्येक सफलताको सिंढी हो ।*

*भुँडे मान्छे :- यसैले त यू आर ए गुड पार्टनर । अब कामको कुरा गर्नुपर्यो, आजको सबै सुन*

*ठीक ठाँउमा पुग्यो होइन ?*

यस एकाङ्कीमा सबै सम्बादहरू कालो बजारीया विकृति र विसङ्गतिसम्बन्धी रहेका छन । लामा र छोटा सम्बाद गरेर जम्मा ८६ वटा सम्बादहरू रहेका छन् । छोटामा २ शब्दसम्मको जस्तैः- (भँडारी २०६१-७९) लामो सम्बादमा १४ वाक्यसम्मको व्यक्तिका सम्बादहरू वर्णनात्मक किसिमको रहेका छ अरुका सवाद छोटै प्रकृतिका छन् ।

**उद्देश्य**

यस एकाङ्कीको मूल उद्देश्य नेपाली युवायुवतीलाई सचेत गराउने रहेको छ । प्रत्येक विषयवस्तु एकपछि अर्को गर्दै क्रमशः घटेको पाइन्छ । यस एकाङ्कीका सबै पात्रहरू मादक पर्दाथ सेवन गर्ने र समाजमा उच्छृङ्खल कार्यमा संलग्न रहेको पाइन्छ । विषयवस्तुमा जताततै विकृति र विसङ्गति देखिन्छन् । त्यसैले नेपालका युवा युवतीहरू यस्ता विकृति र विसङ्गतिमा संलग्न हुनबाट बञ्चित गराउनका लागि संचेत गराएको देखिन्छ । नेपाली युवतीहरू प्रेमका नाममा फसेर भारतमा बेचिन पुगेको देखिन्छ । यसरी नारीहरू पुरुषको भोगी हुनबाट बञ्चित र सचेत गराउने उद्देश्य यस एकाङ्कीको रहेको छ ।

**भाषाशैली**

यो '**उज्यालाका थेग्लाहरूभित्र**' एकाङ्कीमा भँडारीले साधारण बोलचालका उत्कृष्ट गद्य भाषाको प्रयोग गरेको पाइन्छ । सरल र सामान्य शब्दको प्रयोग यस एकाङ्कीमा रहेको पाइन्छ । यस एकाङ्कीमा देवेन्द्र र युवतीले अङ्ग्रेजी भाषाको प्रयोग गरेको पाइन्छ । उनीहरूले अङ्ग्रेजीका शब्दहरू जस्तैः- नो- नो, नट्नाउ, प्लीज, आइ मीन लेट अस ह्याभ लाइसेन्स आदि गफगाफमा प्रयोग गरेका छन् । त्यसैगरी टन्न खाएर मातेका मान्छे केही हिन्दी भाषाका दोस्त थोर जस्ता शब्द पनि प्रयोग गरेका छन् । यद्यपि भाषा भने सरल र सबै पाठकले सहज रूपमा बुझ्न सकिने भाषा रहेको पाइन्छ । शैलीका दृष्टिले प्रस्तुत एकाङ्की तीन दृश्यमा बाँडिएको छ । छोटा तथा लामा वाक्यात्मक ढाँचामा उक्त एकाङ्की संरचित छ ।

**द्वन्द्व**

प्रस्तुत यस एकाङ्कीमा नाटककार माधव भँडारीले सक्रिय रूपमा द्वन्द्वको प्रयोग नगरी सामान्य द्वन्द्व प्रयोग गरेको देखिन्छ । यसमा सबै पात्रहरू व्यक्ति बसेको रुख छेउमा आएर गफगाफ गर्दा सुनेर व्यक्ति र अरु पात्रका बीचमा सामान्य द्वन्द्व रहेको पाइन्छ । शङ्कर र भुँडे मान्छे व्यापारका सम्बन्धमा गफगाफ गर्दा व्यक्तिले थाहा पायो भनेर भुँडे मान्छेले आक्रमण गर्छ । यस अवस्थामा व्यक्ति आफू कोही नभएको बताउँछ । यसरी प्रत्येक व्यक्ति पालो पालो आएर उसलाई दुःख दिएका देखिन्छन् । यस अवस्थामा व्यक्तिले समान्य रूपमा उत्तर दिएको देखिन्छ । यस एकाङ्कीमा खासै उत्कृष्ट द्वन्द्वको समायोजन भने पाइँदैन ।

**मञ्चनीयता**

प्रस्तत एकाङ्की 'उज्यालोका थेग्लाहरूभित्र' मञ्चनका दृष्टिले योग्य रहेको छ । एकाङ्कीको घटनाक्रम प्राय एउटै परिवेशमा घटेको हुनाले मञ्चमा मञ्चन गर्न सजिलो हुने देखिन्छ । यस एकाङ्कीमा विषयवस्तु एउटा जङ्गगलको रुखको फेदमा एकपछि अर्को गर्दै क्रमिक रूपमा विस्तारित रहेको पाइन्छ । यो एकाङ्की व्यक्तिको एकरातको लागि छानिएको घरमा सबै कथावस्तु उल्लेख रहेको पाइन्छ । यस एकाङ्कीकी नवजात शिशुकी आमाले घटाएको केही घटना अदृश्य छन तर विषयवस्तु व्यक्तिले वर्णन गरेको पाइन्छ भने अरुसबै विषयवस्त मञ्चनीय रहेका छन् ।

यस प्रकार कार्यव्यापारको गतिशील प्रवाह स्थानीयताको उपयुक्त समायोजन सम्बादगत भाषिक स्तर निर्वाह यस एकाङ्कीमा अभिनेय गुण एवम् पक्ष बन्न पुगेका छन् । समग्र अभिनेयका दष्टिले प्रस्तुत एकाङ्की उत्कृष्ट र प्रभावशाली बन्न पुगेको देखिन्छ ।

**निष्कर्ष**

यस लेखमा माधव भँडारीका सबै एकाङ्कीको तत्वगत आधारमा अध्ययन गरिएको छ । त्यसमा सर्वप्रथम उज्यालोका थेग्लाहरूभित्र एकाङ्कीको अध्ययनका क्रममा एकाङ्कीको सार, शब्दकुन्जिका, विषय परिचय, शोधविधि, पृष्ठभूमि, कथावस्तु, चरित्रचित्रण, सम्बाद, देशकाल वातावरण, भाषाशैली, उद्देश्य र अभिनयको बस्तुगत आधारमा वर्णन गरिएको छ । उज्यालोका थेग्लाहरूभित्र (२०६१) एकाङ्कीको अध्ययनका क्रममा पूर्ववत विषय परिचय, कथावस्तुको परिचय, चरित्रका विविध पक्षको परिचय, वातावरण, सम्वाद, उद्देश्य, भाषाशैली, द्वन्द्व, मञ्चनीयता जस्ता तत्वहरूको संक्षिप्त रूपमा वर्णन गरिएको छ । यस एकाङ्कीकीको समग्र अध्ययनबाट निष्कर्षको रूपमा

समाजमा रहेका विकृति र विसङ्गतिलाई समाप्त गरी तत्कालीन समाजका युवायुवतीलाई सचेत गराउने सन्देश दिएको छ । समग्रमा यस लेखमा भँडारीका एक एकाङ्कीको अध्ययन र विश्लेषण गरिएको छ । भँडारीका नाटकहरु र एकाङ्कीका विषयवस्तुलाई नियाल्दा पारिवारिक, सामाजिक राष्ट्रिय हुँदै क्रमिक रूपमा अगाडि बढेको देखिन्छ ।

## सदर्भग्रन्थ सूची


आचार्य, व्रतराज (२०६६), *आधुनिक नेपाली. नाटक,* साझा प्रकाशन ।

पोखरेल, जी. के. र कार्की, डिसन (२०६७), *नाटक, एकाङ्की र निबन्ध,* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन ।

पोखरेल, निधिप्रसाद (२०६५), *एकाङ्कीकार राधिका रायाका एकाङ्कीहरूको विश्लेषण र मूल्याङ्कन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, म.र.ब. क्याम्पस, इलाम ।

भँडारी, माधव (२०३०), *घरजम,* पूर्ण भण्डार ।

भँडारी, माधव (२०६१), *उज्यालोका थेग्लाहरूभित्र,* प्रगतिप्रकाशन ।

भँडारी, माधव (२०६१), *क्यालेन्डरका घुम्तीहरू,* प्रगतिप्रकाशन ।

शर्मा, गोपीकृष्ण, माधव भँडारी र उनको साहित्य साधन, *(जुही साहित्यिक त्रैमासिक पत्रिका, २१, अङ्क २, पूर्णांक ४७)* ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०५७), *शोधविधि* (दोस्रो संस्करण), साझाप्रकाशन ।

शर्मा मोहनराज र लुइटेल, खगेन्द्र (२०५५), *नेपाली गद्य भाषासाहित्य र इतिहास,* नवीनप्रकाशन ।

शर्मा, मोहनराज र श्रेष्ठ, दयाराम (२०५९), *नेपाली साहित्यको संक्षिप्त इतिहास,* साझाप्रकाशन ।

सुवेदी, लोकनाथ (२०५२), *माधव भँडारीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन* (अप्रकाशित स्नातकोत्तर शोधपत्र), त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग ।